annapurnapost.com

# अन्नपूर्ण पोस्ट्

वर्ष २५, अंक ७८, पृष्ठ ८ | काठमाडौं, शुक्रबार १ साउन २०८३ | आषाढ शुक्लपक्ष तृतीया नेपाल संवत् ११४६ | FRIDAY, JULY 17, 2026 | मूल्य : रु. १०

आवरण समाचार

# संवैधानिक परीक्षणको कठघरामा सम्पत्ति छानबिन आयोग




सार्वजनिक पदमा रहेका र सेवानिवृत्त भएका वा हटिसकेका पदाधिकारीको सम्पत्ति विवरण संकलन र जाँचबुझ गर्न गठित सम्पत्ति छानबिन आयोग स्वयं संवैधानिक परीक्षणको कठघरामा छ। अब सर्वोच्च अदालतको पूर्ण इजलासले आयोगको वैधानिकताको मात्र निर्णय गर्ने छैन, कार्यपालिकाले भ्रष्टाचारविरुद्ध विशेष संयन्त्र गठन गर्दा संविधानले कोरेको सीमाभित्र कसरी काम गर्नुपर्छ भन्ने नजिर पनि यही मुद्दाबाट स्थापित हुनेछ।

विस्तृत पृष्ठ २

**दिनेश गौतम** | *काठमाडौं*




राजेन्द्रकुमार भण्डारी, अध्यक्ष



पुरुषोत्तम पराजुली, सदस्य



चण्डिराज ढकाल, सदस्य



गणेश केसी, सदस्य

# ‘हनिमुन पिरियड’ सकिएपछि खुल्दै प्रधानमन्त्री

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

सरकारको १०० दिन पूरा भएसँगै प्रधानमन्त्री शाहले दिनहुँजसो विभिन्न क्षेत्रसँग संवाद गरिरहेका छन्।

पदबहालीको १०० दिनसम्म गुमनाम जस्तै रहेका प्रधानमन्त्री वालेन्द्र (बालेन) शाह पछिल्ला दिनमा खुला हुन थालेका छन्। ‘हनिमुन पिरियड’ सकिएसँगै उनी दिनहुँजसो विभिन्न क्षेत्रसँग संवाद र छलफलमा जुटेका हुन्। प्रधानमन्त्री शाहले असार २३ गते भलभल अष्टमीका दिन भक्तपुरको कमल विनायकस्थित नवदुर्गा द्योछें मन्दिर पुगेर दर्शन तथा अवलोकन गरेपछि यो संवादको शृंखला थालेका थिए। सोही दिन उनले एसियाली विकास बैंक (एडीबी) का अध्यक्ष मासातो कान्डासँग शिष्टाचार भेटवार्ता गरे।

२०८२ चैत १३ गते प्रधानमन्त्री नियुक्त भएका बालेनले त्यसअघि कुनै पनि विदेशी विशेष प्रतिनिधिसँग भेट गरेका थिएनन्। मन्दिर दर्शन र एडीबी अध्यक्षसँगको भेटपछि उनले असार २४ गते पहिलोपटक उद्योगी व्यवसायीहरूसँग भेटघाट गरी आन्तरिक संवादको सुरुवात गरेका थिए।

बिहीबारमात्रै प्रधानमन्त्री शाहले नेपाल राष्ट्र बैंकका गभर्नर डा. विश्वनाथ पौडेल, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का अध्यक्ष राजेन्द्र लिङ्देन र महिला उद्यमीहरूसँग छुट्टाछुट्टै भेटवार्ता गरेका छन्। राष्ट्रिय अर्थतन्त्रलाई गतिशील बनाउन विशेष अग्रसरता देखाउँदै प्रधानमन्त्रीले गभर्नर पौडेलसँग करिब एक घन्टा छलफल गरे।

भेटमा प्रधानमन्त्री बालेनले आगामी मौद्रिक नीतिमार्फत आवश्यक सहजीकरण र लचकता अपनाउन सुझाव दिए। सरकार र केन्द्रीय बैंकको सहकार्यबाट मात्र आर्थिक आत्मविश्वास बढाउन सकिने प्रधानमन्त्रीले स्पष्ट पारेको उनको सचिवालयले जनाएको छ। उनले सेयर बजारका लगानीकर्ताको मनोबल बढाउन मौद्रिक नीतिका सीमाहरू खुकुलो पार्न, बैंकको ब्याजदर एवं कर्जाका सर्तहरूलाई उद्यममैत्री बनाउन आग्रह गरे। साथै महिला र पिछडिएका क्षेत्रका उद्यमीहरूलाई कर्जा सहुलियतमा विशेष प्राथमिकता दिँदै अर्थतन्त्रको मूल प्रवाहमा ल्याउन मौद्रिक उपकरणहरू परिचालन गर्नुपर्नेमा जोड दिए।

गभर्नर पौडेलले मौद्रिक नीतिलाई थप व्यावसायिक र लचिलो बनाउन राष्ट्र बैंक प्रतिबद्ध रहेको बताए। अर्थतन्त्रलाई गति दिनु नै साझा लक्ष्य रहेको उल्लेख गर्दै उनले सेयर बजारका लगानीकर्तादेखि घरेलु उद्यमीसम्म कसैलाई पनि अप्ठ्यारो नपार्ने गरी नीतिगत रूपमा पूर्ण सहजीकरण गर्ने आश्वासन दिए।

प्रधानमन्त्री शाहले बिहीबार नै महिला उद्यमी महासंघका पदाधिकारीहरूसँग पनि छलफल गरे। छलफलमा महासंघका तर्फबाट अध्यक्ष दर्शना श्रेष्ठ, तृतीय उपाध्यक्ष महालक्ष्मी श्रेष्ठ, महासचिव सविता सुवेदी, सचिव डिकिला शेर्पा लामा र कार्यकारिणी सदस्य अनुजा राजभण्डारी श्रेष्ठ सहभागी थिए।

यसअघि बुधबार प्रधानमन्त्री शाहले त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. भोला थापा, सुदूरपश्चिम विश्वविद्यालयका उपकुलपति प्रा.डा. किसानदत्त भट्ट, पूर्वाञ्चल विश्वविद्यालयका उपकुलपति प्रा.डा. सुजनबाबु मरहट्टा, पोखरा विश्वविद्यालयका उपकुलपति प्रा.डा. देवेन्द्र अधिकारी, राजर्षि जनक विश्वविद्यालयका उपकुलपति प्रा.डा. श्यामनारायण लाभ, मध्यपश्चिम विश्वविद्यालयका उपकुलपति प्रा.डा. राजन सुवाल तथा कृषि तथा वन विज्ञान विश्वविद्यालयका उपकुलपति प्रा.डा. ऋषिराम कट्टेलसँग सामूहिक भेटघाट गरेका थिए।

विश्वविद्यालयका कुलपतिसमेत रहेका प्रधानमन्त्रीले उपकुलपतिहरूसँग प्राज्ञिक थलोलाई दलीय राजनीतिमुक्त बनाउने र सुशासन कायम गर्ने सवालमा साझा प्रतिबद्धता व्यक्त गराएका थिए।

» बाँकी पृष्ठ ६



# अन्नपूर्णको सुपर एप ‘सम्पूर्ण’




**काठमाडौं** (अन्नपूर्ण): अन्नपूर्ण मिडिया नेटवर्कले डिजिटल कोसेली ‘सम्पूर्ण’ लन्च गर्ने भएको छ। अन्नपूर्ण पोस्ट् र ‘अकिन’ को सहकार्यमा नेपालकै मिडिया क्षेत्रमा पहिलोपटक ‘सुपर एप’ लन्च गर्न लागिएको हो।

नागरिकका लागि दिनानुदिन प्रयोगमा आउने विषयवस्तु समेटेर ‘सम्पूर्ण’ सुपर एप लन्च गर्न लागिएको हो। शुक्रबार विशेष समारोहबीच सुपर एप सार्वजनिक गरिने अन्नपूर्ण मिडिया नेटवर्कले जनाएको छ। उक्त कार्यक्रमको होस्ट एआईले गर्ने छ।

सुपर एप पनि एआई प्रविधिमा आधारित छ। यसमा ताजा समाचारमात्र होइन, सुन, चाँदीको मूल्य, विदेशी विनिमय दर, इन्धनको मूल्य र मौसमको ताजा जानकारी पनि पाउन सकिन्छ। साथै जनताका आवाजसँग संवादसमेत हुने अन्नपूर्णका प्रधान सम्पादक बालकृष्ण बस्नेतले जानकारी दिए।

सुपर एपमा जन्मकुण्डली, गुण मिलान, ग्रहगोचर, सुरक्षित कुण्डलीसहित दिन, महिना र वर्षको राशिफल हेर्न सकिन्छ। एपमा भित्तेपात्रोसँगै पञ्चांग र चाडपर्वका बारेमा पनि जानकारी पाउन सकिन्छ। पात्रोमा आफ्ना निर्धारित कार्यक्रमहरू पनि नोट गरेर राख्न सकिन्छ। सेयर बजारमा भइरहेका गतिविधिहरू पनि एपमा हेर्न सकिन्छ।

सुपर एपमा रहेका विभिन्न फिचरहरूलाई प्रयोगकर्ताले आफूअनुकूल परिवर्तन पनि गर्न सक्नेछन्। आफूलाई मन पर्ने फिचरलाई कस्टोमाइज गर्न सकिनेछ।

अन्नपूर्ण भेन्चर्सकी सञ्चालन एवं प्रशासन निर्देशक सीमा शर्माका अनुसार प्रविधिसँगसँगै अन्नपूर्णलाई पनि अगाडि बढाउन यो सुपर एपको सुरुवात गरिएको हो। ‘यो सुपर एप एआई प्रविधिमा आधारित छ,’ निर्देशक शर्माले भनिन्, ‘एप प्रयोग गर्दा प्रयोगकर्ताले समाचार पढिरहनुपर्ने झन्झट हुँदैन। एआई होस्ट आफैंले समाचार पढेर सुनाउनेछ।’

डिजिटल दुनियाँमा अन्नपूर्ण मिडियाले गरेको यो नेपालकै पहिलो प्रयोग हो।